"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र संचार समुन्नत तिलागुफाको लागि सबल स्थानिय सरकार"

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गाल्जे, कालीकोट

कर्णाली प्रदेश,नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नः ८५४

मिति :- २०८२/११/२८

श्री वडा कार्यालयहरु सबै ।

**विषयः आ.व.२०८३/०८४ का लागि बेरोजगार व्यक्तिहरुको फारम भरी पठाउने सम्बन्धमा ।**

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (संचालन तथा व्यवस्थापन ) निर्देशिका २०८२ को दफा १७ बमोजिम आर्थिक वर्ष २०८३/०८४ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माण काममा योगदान गर्न इच्छुक स्वरोजगारीमा एक वर्षमा १०० दिन काममा संलग्न नरहेका १८–५९ वर्ष उमेर समूहका बेरोजगार नेपाली नागरिकहरुले २०८२ चैत्र १५ गते सम्म आफुले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनको लागि तोकिएको ढाँचामा आवश्यक विवरणहरु (परिवारका सदस्यहरुको पूर्ण विवरणहरु ) नछुटाई भर्नहुन अनुरोध छ । साथै तपसिल बमोजिमका विवरणहरु अनिवार्य रुपमा उपलब्ध गराई दिनहुन समेत सूचीत गरिन्छ ।

**तपसिलः**

क) निवेदकको नेपाली नागरिकताको प्रतिलिपि १ प्रति

ख) पासपोर्ट साईजको फोटो १ प्रति

ग) परिवारका सदस्यहरुको जन्म मिति, नागरिकता नंम्बर, नागरिकता जारी मिति, नागरिकता नभएका बालबालिकाको जन्म मिति अनिवार्य उल्लेख हुनुपर्नेछ ।

घ) निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृत लिई रोजगारीमा जान नपाएको भएमा उक्त व्यहोरा खुल्ने कागजातको प्रतिलिपी

ङ) निवेदन दिने व्यक्ति वा परिवारमा अपाङ्गता भएमा अपाङ्गता परिचयपत्रको प्रतिलिपी १ प्रति ।

२०८२।११।२८

कविराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

कविराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत